# 2 माइनम्बर प्रणाली

## 2-1 माइनम्बर प्रणाली भन्नाले



- मुख्यतया तलका अवस्थामा माइनम्बर आवश्यक पर्नेछ।

① पेन्सन/बच्चा हुर्काउने भत्ता, चिकित्सा सेवा प्राप्त गर्ने बेलामा
② विदेशमा पैसा पठाउने बेलामा, साथै, विदेशबाट पैसा प्राप्त गर्ने बेलामा
③ बैङ्कमा खाता खोल्दा

- माइनम्बर प्रयोग गर्दा,

① उक्त नम्बर, वास्तवमै तपाईंको माइनम्बर हो होइन
② तपाईं साँच्चै नै पासपोर्ट लगायतका अनुहारको फोटो भएको प्रमाणपत्रकै मान्छे हो होइन भनेर निश्चय गरिन्छ।
त्यसले गर्दा, तपाईंको माइनम्बर अरू व्यक्तिले झुक्याएर प्रयोग गर्न सक्दैन।

## 2-2 माइनम्बर कार्ड

माइनम्बर कार्ड, जापानमा सुविधाजनक तरिकाले जीविका गर्नका लागि आवश्यक IC चिप्स भएको कार्ड हो।

### (1) उल्लेखित तथ्य

अगाडिको भागमा: नाम थर, ठेगाना, जन्म मिति, लिङ्ग, अनुहारको फोटो
पछाडिको भागमा: माइनम्बर




अगाडिको भागमा




पछाडिको भागमा

### (2) कस्तो बेलामा प्रयोग गर्ने

- सार्बजनिक ब्यक्तिगत परिचयको कागजात को रूपमा प्रयोग गर्दा
- अनलाइनबाट आयकरको घोषणा गर्दा
- बालबच्चा सम्बन्धी भत्ता या शिशु स्याहार उद्यानमा भर्ना गर्ने निवेदन अनलाइन बाट गर्दा
- कन्भिनियन्स स्टोरबाट बसोबास पत्र (ज्युमिन ह्योउ) को प्रतिलिपि प्राप्त गर्दा (बिदाको दिनमा पनि मिल्नेगाउंपालिका/नगरपालिका अनुसार कन्भनियन्स स्टोरबाट बसोवास पत्रको प्रतिलिपी प्राप्त गर्न नसक्ने पनि हुन्छ)
- स्वास्थ्य बिमा कार्डको रूपमा प्रयोग गर्दा

प्रयोग गर्न सकिने स्वास्थ्य संस्था/फ़ार्मेसीको बारेमा निम्न लिखित वेवसाइटमा हेर्नुहोस ।

https://www.mhlw.go.jp/stf/index_16743.html

## (3) निवेदन गर्ने विधि

जापानमा बस्ने ठेगाना निर्णय भई, गाउँपालिका/नगरपालिकामा बसाइँ आएको सूचना दर्ता गर्दा, माइनम्बर कार्डको लागि निवेदन फाराम पेस गर्न सकिन्छ (एक भाग बाहेक)।

पहिलो पटक निवेदन गर्दा निःशुल्क गर्न सकिनेछ।

बसाइँ आएको सूचना दर्ता गर्दा, निवेदन दिन नपाएको व्यक्तिले, पछि मितिमा माइनम्बर कार्डको वितरण निवेदन फाराम यहाँकै घरमा आइपुग्ने भएकोले, वितरणको लागि निवेदन फाराम प्रयोग गरेर निम्न विधिबाट निवेदन दिन सक्नुहुनेछ।

① **स्मार्टफोनबाट निवेदन**

स्मार्टफोनले अनुहारको फोटो खिचेर, वितरण निवेदन फारामको QR कोडबाट निवेदन दिने WEB साइटमा एक्सेस गरेर

② **कम्प्युटरबाट निवेदन**

डिजिटल क्यामेराबाट अनुहारको फोटो खिचेर, निवेदन दिन सकिने WEB साइटमा एक्सेस गरेर

③ **हुलाकबाट निवेदन**

वितरण निवेदन फाराममा अनुहारको फोटो टाँसेर, आवश्यक तथ्यहरू उल्लेख गरी, तोकिएको खाममा हालेर पोस्ट बक्समा हाल्ने

④ **प्रमाण-पत्रमा प्रयोग गर्ने फोटो खिच्ने मेसिनबाट निवेदन** (मिल्ने मोडेलको मेसिनबाट मात्र)

टच् प्यानेल चलाएर, पैसा हाली, वितरण निवेदन फारामको QR कोडको बारकोड रिडरमा देखाउने। आवश्यक तथ्यहरू इनपुट गरी, फोटो खिचेर पठाउने।

⑤ **बसोबास रहेको गाउँपालिका/नगरपालिकाको काउण्टरबाट निवेदन** (कुनै-कुनैमा नमिल्ने)

वितरण निवेदन फाराममा आवश्यक तथ्यहरू उल्लेख गरी, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा पेस गर्ने

* गाउँपालिका/नगरपालिकाको काउण्टरमा निवेदन दिएमा, माइनम्बर कार्ड हुलाकबाट पनि प्राप्त गर्न सकिनेछ।

विस्तृतमा तलको वेबसाइटबाट निश्चय गर्नुहोस्।

https://www.kojinbango-card.go.jp/en-kofushinse/

## (4) प्राप्त गर्ने विधि

निवेदन दिएर लगभग 1 महिना पछि, गाउँपालिका/नगरपालिकाबाट पोस्टकार्ड आइपुग्नेछ।

उक्त पोस्टकार्ड र आवश्यक कागजात लिएर, आफ्नो माइनम्बर कार्ड लिन जानुपर्दछ।

विस्तृतमा तलको वेबसाइटबाट निश्चय गर्नुहोस्।

https://www.kojinbango-card.go.jp/en-uketori/

## 2-3 माइनम्बर कार्ड प्रयोग गर्दा सावधानी अपनाउनुपर्ने बुँदा

- नाम थर, ठेगाना आदिमा परिवर्तन आएमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सूचना दर्ता गर्नुपर्नेछ।
- माइनम्बर कार्ड वैध रहने म्याद र बसोबास अवधी पूरा हुने दिन सरह हुनेछ।
- बसोबास अवधीकोनवीकरण पश्चात्, माइनम्बर कार्ड वैध रहने म्याद भित्रमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकाबाट, माइनम्बर कार्डको नवीकरण गर्नुहोस्।

* बसोबास अवधी नवीकरण भए पनि, माइनम्बर कार्ड वैध रहने म्याद स्वचालित रूपमा परिवर्तन हुनेछैन।

* बसोवास निवेदनको समयमा उत्पन्न हुने बिशेष अवधीको बारेमा ख्याल गर्नु पर्ने हुन्छ ।

माईनम्बर कार्डको अन्तिम म्यादसम्ममा बसोवास गर्ने अवधीको नबिकरण हुन नसक्ने देखिएमा २ महिना (बिशेष अवधी) माईनम्बर कार्डको म्याद लम्ब्याउनु आवश्यक हुन्छ ।

नयां आवासिय कार्ड लिएपछि पुन: माईनम्बर कार्डको म्याद नयां आवास अवधी पूरा हुने दिनसम्म लम्ब्याउनु पर्ने हुन्छ ।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.soumu.go.jp/main_sosiki/jichi_gyousei/c-gyousei/zairyu/english/basic_resident_registration_card.html

## 2-4 अन्य

अन्य विषयवस्तु तलको वेबसाइटबाट निश्चय गर्नुहोस्।

माइनम्बर प्रणाली

https://www.cao.go.jp/bangouseido/foreigners/index.html

माइनम्बर कार्ड

https://www.kojinbango-card.go.jp/en/

टेलिफोनबाट गरिएको प्रश्न पनि लिने गरिएको छ।

कल सेन्टर
(सोम देखि शुक्र 9:30-20:00, शनि, आइत, बिदाको दिन 9:30-17:30)

◎ जापानी भाषा

**TEL 0120-95-0178**

◎ अङ्ग्रेजी भाषा, चिनियाँ भाषा, कोरियाली भाषा, स्पेनी भाषा, पुर्तगाली भाषा

**TEL 0120-0178-27**